वरुण बहुमुखी क्याम्पसको

# विधान २०५५ तेस्रो संसोधन २०७८

वरुण बहुमुखी क्याम्पस

खाँदबारी, संखुवासभा

२०७८/०१/१२

# वरुण बहुमुखी क्याम्पसको विधान - २०५५
## (तेस्रो संशोधन २०७८)

**प्रस्तावना**

सङ्खुवासभा जिल्लामा सर्वसुलभ र गुणस्तरयुक्त उच्च शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न, सेवामूलक उद्देश्यले त्रिभुवन विश्वविद्यालय र नेपाल सरकार राष्ट्रिय परीक्षा वोर्डबाट सम्बन्धन/स्वीकृति प्राप्त गरी जिल्लाका शिक्षाप्रेमी, समाजसेवी, प्रशासक, उद्योगी, व्यापारी तथा स्थानीय जनसमुदायद्वारा सामुदायिक रुपमा गैह्र नाफामुलक क्याम्पस स्थापना गरी क्याम्पसको शैक्षिक, प्रशासनिक, आर्थिक तथा भौतिक कार्यहरुलाई व्यवस्थित रुपमा संचालन गर्न वरुण बहुमुखी क्याम्पस सङ्खुवासभाको विधान -२०५५ (तेस्रो संशोधन २०७८) जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, र प्रारम्भः**

(क) यस विधानको नाम "वरुण बहुमुखी क्याम्पसको विधान-२०५५ (तेस्रो संशोधन २०७८) रहेको छ ।

(ख) यो विधान संचालक समितिले पारित गरी त्रि.वि. ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

(ग) क्याम्पसको उन्नति, प्रगति र समग्र हितका लागि आवश्यकता अनुसार विधान संशोधन गर्न वरुण बहुमुखी क्याम्पस स्वतन्त्र हुनेछ र सोको जानकारी त्रि.वि.मा पठाइनेछ ।

(घ) यो क्याम्पस गैह्रनाफामुलक र सामुदायिक क्याम्पसको रुपमा संचालन हुनेछ ।

## परिच्छेद २
## छाप लोगो र लेटरप्याड

२. वरुण बहुमुखी क्याम्पसको छाप लोगो र लेटरप्याड देहाय बमोजिम हुनेछ ।

क) वरुण बहुमुखी क्याम्पसको छाप र लोगो अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

ख) वरुण बहुमुखी क्याम्पसको लेटरप्याड अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## परिभाषा

**३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा-**

१. "विधान" भन्नाले वरुण बहुमुखी क्याम्पसको विधान -२०५५ (तेस्रो संशोधन २०७८) लाई सम्झनु पर्छ ।

२. "क्याम्पस" भन्नाले वरुण बहुमुखी क्याम्पस खाँदबारी सङ्खुवासभालाई संझनुपर्छ ।

३. "साधारण सभा" भन्नाले विधानको दफा ४.१ मा व्यवस्था भए बमोजिम गठन भएको वरुण बहुमुखी क्याम्पसको साधारण सभालाई संझनु पर्छ ।

४. "क्याम्पस सभा" भन्नाले विधानको दफा ५.१ मा व्यवस्था भए बमोजिम गठन भएको वरुण बहुमुखी क्याम्पस सभालाई संझनु पर्छ ।

५. "संचालक समिति" भन्नाले वरुण बहुमुखी क्याम्पसको व्यावस्थापन एवं संचालनको लागि विधानको दफा (६) बमोजिम गठित क्याम्पस सञ्चालक समितिलाई संझनुपर्छ ।

६. "अध्यक्ष" "उपाध्यक्ष" "सदस्य" र "सदस्य सचिव" भन्नाले वरुण बहुमुखी क्याम्पसको संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिवलाई संझनु पर्छ ।

७. "क्याम्पस प्रमुख" "सहायक क्याम्पस प्रमुख" "कार्यक्रम संयोजक" र "विभागीय प्रमुख" भन्नाले वरुण बहुमुखी क्याम्पसका क्याम्पस, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र विभागीय प्रमुखलाई संझनुपर्छ ।

८. “सेवा आयोग” भन्नाले क्याम्पसका लागि आवश्यक शिक्षक कर्मचारी नियुक्ति, बढुवाको लागि परीक्षा संचालन र सिफारिस गर्ने शिक्षक कर्मचारी सेवा अयोगलाई सम्झनु पर्छ ।

९. “शिक्षक” भन्नाले वरुण बहुमुखी क्याम्पसमा प्राध्यापनरत प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, शिक्षण सहायक र प्रशिक्षकसमेतलाई संझनुपर्छ ।

१०. “कर्मचारी” भन्नाले क्याम्पसको प्रशासनिक कार्यको लागि नियुक्त कर्मचारीलाई संझनुपर्छ ।

११. “विशेषज्ञ” भन्नाले सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरेको क्याम्पसले तोकेको व्यक्तिलाई संझनुपर्छ ।

१२. “सल्लाहकार” भन्नाले क्याम्पस संचालक समितिलाई राय, सुझाव र परामर्श दिनको लागि विधानको दफा ६ को उप दफा ९ बमोजिमका सल्लाहकारहरुलाई संझनुपर्छ ।

१३. ”संस्थापक सदस्य” भन्नाले क्याम्पस स्थापना कालका अनुसूची ३ मा उल्लिखित संचालक सयिमतिका पदाधिकारी तथा सदस्यलाई सम्झनु पर्छ ।

१४. “उपसमिति” भन्नाले क्याम्पससञ्चालक समितिले आवश्यक ठानेको विभिन्न कार्य गर्न गठित उपसमितिलाई सम्झनु पर्छ ।

१५. “अभिभावक” भन्नाले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको बाबुआमा, दाजुदिदी लगायतका विद्यार्थीभन्दा जेष्ठ उमेरका अभिभावक तथा पालनपोषण र शैक्षिक उन्नतिमा सहयोग गर्ने दाता वा संरक्षकसमेतलाई सम्झनु पर्छ ।

## परिच्छेद-४
## साधारण सभाको गठन सम्बन्धि व्यवस्था

**४. साधारण सभाको गठन :-**

१. क्याम्पसमा एक साधारण सभा हुनेछ र साधारण सभा क्याम्पसको सर्वोच्च निकाय हुनेछ ।
क) साधारण सभामा सवै नेपाली नागरिकहरु सदस्य हुनेछन् ।
ख) साधारण सभाको सदस्यहुनका लागि तोकिएको शुल्क लिई सदस्यता प्रदान गरिनेछ ।
ग) क्याम्पस संचालक समितिका पदाधिकारी तथा सदस्यहरु साधारण सभाका पदेन सदस्य हुनेछन् ।
घ) साधारण सभाको वैठक हरेक वर्ष पौष मसान्त भित्र बस्नु पर्नेछ ।
ङ) साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्नेछ । अध्यक्ष उपस्थित हुन नसकेमा उपाध्यक्ष र उपाध्यक्ष पनि उपस्थित हुन नसकेमा सञ्चालक समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

२. साधारण सभाको काम, कर्तव्य र अधिकार
क) क्याम्पस संचालक समितिले पेश गरेको बार्षिक वा अर्धबार्षिक कार्यक्रम, बजेट अनुमोदन गर्ने र भावी कार्ययोजनाको दिशा निर्देश गर्ने ।
ख) संचालक समितिको प्रत्येक निवार्चन अवधिका लागि १५ जना क्याम्पस सभाका सदस्य निर्वाचित गर्ने ।

३. साधारण सभाका गणपुरक संख्या :
क) साधारण सभाका गणपुरक संख्या सम्पूर्ण साधारण सदस्यको ५१ प्रतिशत हुनेछ ।
ख) पहिलो पटक गणपुरक संख्या अपुग भई साधारण सभा बस्न नसकेमा ४० प्रतिशत साधारण सदस्य संख्या उपस्थित भएमा साधारण सभा बस्नेछ ।
ग) दोस्रो पटक पनि गणपुरक संख्या नपुगेमा उपस्थित साधारण सदस्यहरुवाट साधारण सभा बस्नेछ ।

**४. सधारण सभा सदस्यको योग्यताः**
साधारण सभा सदस्य वन्नका लागि देहायबमोजिमको योग्यता पुगेको हुनु पर्दछ ।
(क) १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनु पर्नेछ ।
(ख) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।
(ग) क्याम्पसको हितमा काम गरेको व्यक्ति ।
(ङ) शैक्षिक क्षेत्रमा विशेष योगदान गरेको ।

५. साधारण सदस्य नरहने अवस्था :

(क) मानसिक सन्तुलन विग्रिएमा ।

(ख) फौजदारी अभियोग लागी अदालतबाट दोषी ठहरिएमा ।

(ग) क्याम्पसको नियम विपरित कार्य गरेमा ।

(घ) मृत्यु भएमा ।

## परिच्छेद-५
## क्याम्पस सभा (सिनेट) को गठन सम्बन्धी व्यवस्था

**५. क्याम्पस सभाको गठन :-**

१. क्याम्पसमा एक क्याम्पस सभा रहने छ, क्याम्पस सभाको गठन हरेक ३ वर्षमा हुनेछ । जसमा देहाय बमोजिमका व्यक्तिहरू क्याम्पस सभाका सदस्य रहने छन् :-

क) क्याम्पसका संस्थापक सदस्यहरू

ख) आजीवन सदस्यहरुः (दफा ५ को उपदफा ३ अनुसार)

ग) जिल्ला समन्वय समिति संखुवासभाका प्रमुख र उप प्रमुख

घ) खाँदबारी नगरपालिकाका प्रमुख, उप प्रमुख र क्याम्पस रहेको वडाका वडाध्यक्ष

ङ) प्रमुख जिल्ला अधिकारी

च) शिक्षा विकास तथा समन्वय ईकाई प्रमुख

छ) क्याम्पस संचालक समितिका पदाधिकारी तथा सदस्यहरू

ज) सङ्खुवासभा उद्योग वाणिज्य सङ्घका अध्यक्ष

झ) चेम्बर अफ कमर्श, संखुवासभा अध्यक्ष

ञ) प्राध्यापक सङ्घ वरुण बहुमुखी क्याम्पस इकाई समितिका सभापति

ट) वरुण वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख

ठ) वरुण बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको सभापति

ड) वरुण बहुमुखी क्याम्पस कर्मचारी सङ्घ इकाई सभापति ।

ढ) खाँदबारी नगरपालिका भित्रका कक्षा १२ सम्म संचालित मा.वि.का प्र.अ. र वि.व्य.स.अध्यक्षहरु

ण) क्याम्पस संचालक समितिबाट (संचालक समितिका पूर्व पदाधिकारी सदस्य तथा पूर्व क्याम्पस प्रमुख तथा प्राध्यापकहरु र विभिन्न क्षेत्र वा समुदायको प्रतिनिधित्व हुने गरी) मनोनित-११ जना

२. **उपदफा (१) वमोजिम सदस्यहरुमध्ये कुनै पनि वैतनिक सेवामा कार्यरत र यस क्याम्पसपमा अध्ययनरत** विद्यार्थीहरु संचालक समितिका पदाधिकारी र सदस्य पदमा उमेदवार हुन पाउने छैनन् ।

**३. आजीवन सदस्यता शुल्क :**

(क) क्याम्पस स्थापनाकाल २०४३, मा रु ५०००/- वा सो भन्दा वढी, २०६० सालसम्म रु ५०,०००/- वा सोभन्दा बढी २०७० साल सम्म रु १००,०००/- वा सोभन्दा वढी २०७६ साल आषाढ मसान्तसम्म रु २,००,०००/- वा सोभन्दा बढी त्यसपछि रु ३,००,०००/- नगद वा सो वरावर मूल्य हुने जग्गादाता ।

(ख) स्थापनाकालमा रु १०,०००/- वा सो भन्दा बढी, २०६० सालसम्म रु १,००,०००/- वा सो भन्दा बढी २०७० सालसम्म रु १,५०,०००/- वा सो भन्दा बढी, २०७६ आषााढ मसान्तसम्म रु २,००,०००/- वा सो भन्दा बढी र त्यसपछि रु ३,००,०००/- वा सो भन्दा बढी, प्रति अक्षयकोष/छात्रवृत्ति दाताहरुको परिवार मध्येवाट १ जना ।

**४. क्याम्पस सभा सदस्यको योग्यताः**

क्याम्पससभा सदस्य वन्नका लागि देहायबमोजिमको योग्यता पुगेको हुनु पर्दछ ।

(क) विधानको दफा ५ को उपदफा १, २, र ३ मा उल्लेखित योग्यता पुगेका व्यक्तिहरू ।

(ख) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

(ग) क्याम्पसको हितमा काम गरेको व्यक्ति ।

(घ) नेपाली नागरिक ।

(ङ) शैक्षिक क्षेत्रमा विशेष योगदान गरेको ।

**५. क्याम्पस सभाको काम, कर्तव्य र अधिकार:-**

क्याम्पससभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) क्याम्पस सञ्चालनका लागि आवश्यक सहयोग गर्ने ।

(ख) क्याम्पस संचालक समितिमा ६.१ क. बमोजिमका सदस्यहरू छनौट गर्ने ।

(ग) क्याम्पस संचालक समिति निस्कृय भएको खण्डमा सभाका एक तिहाई सदस्यले विशेष बैठक बोलाउन क्याम्पसलाई अनुरोध गरेमा क्याम्पस प्रमुखले प्रक्रिया निर्धारण गरी क्याम्पस सभाको बैठक बोलाउनु पर्नेछ ।

(घ) क्याम्पस सभाको वार्षिक सभा प्रत्येक वर्षको पौष मसान्तभित्रमा बस्ने छ । तर सभाका एक तिहाई सदस्यले विशेष कारण खुलाई लिखित रुपमा माग गरेमा जहिले पनि र क्याम्पस संचालक समितिले आवश्यक ठानेमा जुनकुकै समयमा पनि सभा बस्न सक्नेछ । विशेष सभा भएको खण्डमा विशेष सभा वोलाउनु पर्ने कारणको सम्वन्धमा आवस्यक छलफल हुनेछ । सो सभाले क्याम्पस संचालक समितिले पेश गरेको आर्थिक, शैक्षिक भौतिक प्रतिवेदनका साथै वार्षिक योजना, नीति तथा कार्यक्रमहरू समेत पारित गर्नेछ ।

(ङ) उपदफा ५.(ख) वमोजिम सदस्यहरु छनौट गर्दा मतदान गर्नु पर्ने भएमा एक व्यक्ति एक मतको आधारमा मताधिकारको प्रयोग गर्न पाउनेछ ।

(च) क्याम्पस सभाको एक तिहाई सदस्यहरुले संचालक समितिको पुनर्गठन गर्न जरुरी छ भन्ने प्रस्ताव क्याम्पस सभाको अध्यक्ष समक्ष पेश गरेमा अध्यक्षले १५ दिनभित्र क्याम्पस सभाको बैठक बोलाई प्रताव पेश गर्नुपर्नेछ र प्रस्तावउपर छलफल हुँदा जम्मा सदस्य सङ्ख्याको दुइतिहाई सदस्यले सो प्रस्तावप्रति सहमति जनाएमा संचालक समिति विघटन हुनेछ ।

(छ) संचालक समितिको विघटन भएमा क्याम्पस सभाले पुनर्गठन गर्नकालागि निर्वाचन तथा छनौट प्रक्रिया अगाडि बढाउने छ ।

**६. सभाका सदस्यता नरहने अवस्था:-क्याम्पस सभाको सदस्यता देहायको अवस्थामा रहने छैन :-**

(क) विधानको दफा ५.१ र ५.३ बमोजिमको योग्यता नभएमा ।

(ख) राजीनामा दिएमा ।

(ग) मानसिक सन्तुलन विग्रिएमा ।

(घ) मनोनित सदस्यहरुलाई संचालक समितिका दुई तिहाइ बहुमतले हटाएमा । तर निजलाई सफाईको मौका दिइनेछ ।

(ङ) फौजदारी अभियोग लागी अदालतबाट दोषी ठहरिएमा ।

(च) मनोनित सदस्यको पदावधि समाप्त भएमा ।

(छ) क्याम्पसको नियम विपरित कार्य गरेमा ।

(ज) मृत्यु भएमा ।

**७. सभाको गणपूरक सङ्ख्या:-**

(क) संचालक समितिको निर्वाचनको हकमा क्याम्पस सभाको प्रथम पटकको वैठकमा कूल सदस्यहरू मध्ये ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा क्याम्पस सभाको गणपूरक सङ्ख्या पुगेको मानिने छ । तर प्रथम पटकको वैठकमा गणपूरक सङ्ख्या नपुगेमा दोस्रोपटक ७ दिनको सूचना दिई १ महिनाभित्र बैठक बोलाउनुपर्नेछ साथै सो वैठकमा उपस्थित सङ्ख्यालाई नै गणपूरक सङ्ख्या मानिने छ ।

(ख) क्याम्पस सभाका कुनै सदस्यहरू स्वदेशको कुनै ठाउँमा बसाई सरी गएको वा लामो समय सम्मका लागि विदेशमा रहेको भनी संचालक समितिले पुष्टि हुनेगरी निर्णयगरेमा क्याम्पस सभाको गणपुरक सङ्ख्या प्रयोजनका लागि त्यस्ता सदस्यहरूलाई गणपूरक सङ्ख्यामा गणना नहुनेगरी सदस्यताको सूचीबाट नाम स्थगन गर्न सक्ने छ । स्थगन गरेपछिको सभा सदस्य सङ्ख्याबाट गणपूरक संख्या कायम गरिने छ ।

(ग) एक व्यक्ति एक मतका आधारमा मताधिकारको प्रयोग गरिनेछ ।

**८. क्याम्पस सभाको वैठक प्रक्रिया:-**

क्याम्पस सभाको वैठक प्रक्रिया देहायबमोजिम हुनेछ :-

(क) "क्याम्पस सभाको बैठक प्रत्येक वर्षको पौष मसान्तभित्रमा बस्ने छ। उक्त बैठकले क्याम्पस संचालक समितिका सदस्यहरुको हरेक ३/३ वर्षमा हुने निर्वाचन वा छनौट कार्य गर्नुका साथै वार्षिक साधारण सभाको काम पनि गर्नेछ। सभाको वैठककालागि कम्तीमा १५ (पन्ध्र) दिन अगावै बैठक हुने स्थान, मिति र छलफलका विषय खोली लिखित रुपमा क्याम्पस सभा सदस्यलाई जानकारी पठाउनु पर्ने छ।

(ख) क्याम्पस सभाको बैठकको अध्यक्षता क्याम्पस संचालक समितिको अध्यक्षले गर्नेछ।

(ग) अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(घ) अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा क्याम्पस संचालक समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ। अन्य प्रक्रिया र कार्यवाही क्याम्पस सभाले तय गरेबमोजिम हुनेछ।

(ङ) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ।

(च) वैठकको निर्णय प्रकृयामा मत वरावर भएमा अध्यक्षको मत निर्णयक हुनेछ।

## परिच्छेद-६
## संचालक समितिको गठनसम्बन्धी व्यवस्था

**६. संचालक समितिको गठन**

**१. वरुण बहुमुखी क्याम्पसलाई सुव्यवस्थित रुपमा संचालन गर्नको लागि एक कार्यकारी निकायको रुपमा बढीमा** २५ सदस्यीय संचालक समितिको गठन गरिनेछ। सो समितिमा देहाय बमोजिमको सदस्यहरु रहनेछन् :

(क) क्याम्पस सभाबाट ३ महिला सहित छनौट भएका – ११

(ख) जिल्ला समन्वय समितिका प्रमुख – १

(ग) खाँदबारी नगरपालिकाका प्रमुख – १

(घ) प्रमुख जिल्ला अधिकारी – १

(ङ) जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्रमुख – १

(च) संचालक समितिको निवर्तमान अध्यक्ष – १

(छ) सम्बन्धित वडाको वडाध्यक्ष- १

(ज) सङ्खुवासभा उद्योग वाणिज्य संघका अध्यक्ष– १

(झ) चेम्बर अफ कमर्श, संखुवासभा अध्यक्ष -१

(ञ) प्राध्यापक संघको सभापति – १

(ट) स्व.वि.यु. सभापति – १

(ठ) त्रि.वि. प्रतिनिधि– १

(ड) संचालक समितिले मनोनयन गरेका सदस्य – २

(ढ) क्याम्पस प्रमुख -सदस्य-सचिव – १

**२. संचालक समितिको अध्यक्ष र उपाध्यक्षको चयन**

यस क्याम्पसको संचालक समितिको अध्यक्ष र उपाध्यक्षको चयन नवगठित संचालक समितिको पहिलो वैठकद्धारा सर्वसम्मत रुपमा गरिने छ। सर्वसम्मत हुन नसकेमा विधानको दफा ६.२ वमोजिम निर्वाचन प्रकृयाद्धारा चयन गरिनेछ। निर्वाचित संचालक समितिको पदावधि ३ वर्षको हुनेछ।

**३. संचालक समितिको बैठक र निर्णय प्रक्रिया:**

(क) संचालक समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(ख) संचालक समितिको वैठकको गणपुरक सङ्ख्या ५१ प्रतिशत हुनेछ। तर गणपुरक सङ्ख्याको अभावमा बैठक बस्न नसकेमा लगत्तै सात दिनभित्र दोस्रो पटक बैठक बोलाउनु पर्दछ। यसरी बैठक बोलाउँदा गणपुरक सङ्ख्या आवश्यक पर्ने छैन। तर सो बैठकले गरेको निर्णय संचालक समितिको नियमित अर्को बैठकले अनुमोदन गर्नु पर्नेछ।

(ग) प्राध्यापक संघ इकाई समिति र स्व.वि.यु. नरहेको अवस्थामा संचालक समितिले प्राध्यापक र विद्यार्थी प्रतिनिधि मनोनित गर्न सक्नेछ । तर प्राध्यापक संघ र स्व.वि.यु निर्वाचन पश्चात् निर्वाचित अध्यक्ष/सभापति पदेन सदस्य हुनेछ ।

(घ) संचालक समितिको बैठकमा पेश भएको प्रस्ताव एवं विषयमा निर्णय गर्दा उपस्थित सदस्यहरुको बहुमतद्वारा गरिनेछ र मत वरावर भएमा अध्यक्षको मत निर्णयाक हुनेछ।

(ङ) संचालक समितिको अध्यक्षको आदेशअनुसार सदस्य सचिबले संचालक समितिको नियमित बैठक बोलाउनेछ । तर संचालक समितिको २५ प्रतिशत सदस्यहरुले बैठक बोलाउन लिखित प्रस्ताव अध्यक्षसमक्ष पेश गरेमा सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(च) बैठकको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्ये जेष्ठ सदस्यले गर्नेछ ।

**४.संचालक समितिको काम, कर्तव्य र अधिकार:**

संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) क्याम्पसको संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र अन्य व्यवस्था गर्ने ।

(ख) क्याम्पस संचालनको निमित्त चाहिने आर्थिक स्रोत जुटाउने र आर्थिक व्यय भार बहन गर्ने ।

(ग) क्याम्पसको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने, संरक्षणं, संबर्धन गर्ने र चल अचल सम्पत्तिको खरिद बिक्री गर्ने ।

(घ) क्याम्पस प्रमुख नियुक्ति गर्ने ।

(ङ) क्याम्पस प्रमुखको सिफारिसमा सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र विभागीय प्रमुखको नियुक्ति गर्ने ।

(च) क्याम्पसका लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको आवश्यकता हेरी दरबन्दी सिर्जना गर्ने ।

(छ) स्वीकृत दरवन्दीअनुसार स्थायी, अस्थायी, करार र आंशिक शिक्षकएवं कर्मचारी नियुक्ति गर्ने ।

(ज) क्याम्पसको वार्षिक कार्यक्रम, बजेट तयार गर्न लगाई स्वीकृत गर्ने र वार्षिक रुपमा अभिलेख तयार गरी सार्वजनिक गर्ने ।

(झ) आन्तरिक लेखा परीक्षण गराई अन्तिम लेखा परीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्ने साथै वार्षिक आय व्ययको अन्तिम लेखापरीक्षण गराउने र लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन गरी अनुमोदन गर्ने ।

(ञ) आवश्यकता अनुसार विभिन्न उपसमिति वा आयोग गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार तोक्ने ।

(ट) क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीहरुलाई क्याम्पस प्रमुखको राय तथा सिफारिस बमोजिम अनुशासन सम्बन्धी कार्वाही गर्ने ।

(ठ) क्याम्पसको लागि आवश्यक सहयोग, अनुदान, दानदातव्य तथा आर्थिक भौतिक स्रोत जुटाउने र जनसहयोग परिचालन गर्ने गराउने ।

(ड) क्याम्पस सुव्यवस्थित संचालनको लागि नीति नियम बनाउने र निर्देशन दिने ।

(ढ) क्याम्पसका समस्याहरु समाधान गर्ने र आवस्यक अन्य काम गर्ने ।

(ण) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको शुल्क निर्धारण गरि कार्यन्वयन गर्ने गराउने ।

**५.संचालक समितिको पदाधिकारीहरुको पद रिक्त हुने अवस्था:**

(क) लिखित राजीनामा स्वीकृत भएमा ।

(ख) मानसिक सन्तुलन बिग्रिएमा।

(ग) विना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

(घ) क्याम्पसको हित विपरित काम गरेको प्रमाणित भई संचालक समितिको बहुमतबाट हटाइएमा । तर यसरी हटाउँदा कुनै पनि सदस्यलाई आफ्नो सफाइको मौका दिनुपर्नेछ ।

(ङ) पदावधि समाप्त भएमा ।

(च) पदेन सदस्यको हकमा निज सम्बन्धित निकाय वा पदमा कार्यरत नरहेमा

(छ) फौजदारी अभियोग प्रमाणित भएमा ।

(ज) मृत्यु भएमा ।

**६. संचालक समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार:**

संचालक समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) क्याम्पस सभा र संचालक समितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) विधान बमोजिम क्याम्पस सभा र संचालक समितिको बैठक बोलाउने ।

(ग) क्याम्पसको उत्थानको लागि आर्थिक, भौतिक र बौद्धिक सहयोग जुटाउने ।

(घ) क्याम्पस सभा, संचालक समिति तथा वार्षिक उत्सवमा भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ङ) जुनसुकै समयमा क्याम्पसको कामको निरीक्षण गर्ने ।

(च) बैठकमा मत बराबर भएको अवस्थामा निर्णायक मत दिने ।

(छ) विधान बमोजिम क्याम्पस प्रमुखको विदा स्वीकृत गर्ने ।

(ज) संचालक समितिबाट अनुमोदन हुने गरी विशेष परिस्थितिमा अध्यक्षले क्याम्पसको हितलाई ध्यानमा राखी निर्णय लिन सक्ने ।

**७. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) विधानमा तोकिएको कामहरु गर्ने ।

(ग) सञ्चालक समितिले तोकेको कामहरु गर्ने ।

(घ) अध्यक्षद्धारा प्रत्यायोजन गरिएका कामहरु गर्ने ।

**८.सदस्यको काम, कर्तव्य र अधिकार :**

(क) सञ्चालक समितिको बैठकमा अनिवार्य उपस्थित भई बैठकमा पेश भएका प्रस्ताव उपर छलफल गरी निर्णयमा पुग्ने पुऱ्याउने ।

(ख) क्याम्पसको हितमा हुने विषय सञ्चालक समितिको बैठकमा राख्ने ।

(ग) आर्थिक, भौतिक, बौद्धिक सहयोग जुटाउने ।

(घ) क्याम्पसको रेखदेख, नियन्त्रण र निर्देशन दिने ।

(ङ) क्याम्पसको अनुगमन र निरीक्षण गर्ने ।

(च) सञ्चालक समितिले तोकेका अन्य काम गर्ने ।

**९. सल्लाहकारको व्यवस्था :**

सञ्चालक समितिलाई क्याम्पसको हितमा आवश्यक सल्लाह, सुझाव र परामर्श दिन देहाय बमोजिम सल्लाहकारको व्यवस्था हुनेछ :

(क) सङ्खुवासभा जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश संसदका माननीय सांसदहरु ।

(ख) राष्ट्रिय मान्यता प्राप्त जिल्लामा क्रियाशील राजनैतिक दलका प्रमुखहरु ।

(ग) शिक्षाप्रेमी, बुद्धिजीवी, चन्दादाता, पूर्व पदाधिकारीहरु र लब्ध प्रतिष्ठित व्यक्तिहरुबाट सञ्चालक समितिले तोकेका बढीमा ७ जना ।

## परिच्छेद-७
## निर्वाचन समिति सम्बन्धी व्यवस्था

**७. निर्वाचन समितिको गठन, काम, कर्तव्य र अधिकार**

१. संचालक समितिले क्याम्पस संचालक समिति सदस्यको निर्वाचन गर्न १ जना संयोजक र २ जना सदस्य रहेको निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संचालक समितिले निर्वाचन हुनु भन्दा १ महिना अगावै निर्वाचन समिति गठन गरिसक्नु पर्नेछ ।

(ख) निर्वाचन समितिले संचालक समितिको परामर्शमा संचालक समितिको निर्वाचनको सम्पूर्ण कार्य तालिका निर्वाचन हुनु भन्दा १५ दिन पूर्व सार्वजनिक गर्नु पर्नेछ ।

(ग) निर्वाचन कार्यतालिका सार्वजनिक गर्नुपूर्व क्याम्पस प्रमुखबाट क्याम्पस सभाको सदस्यहरुको नामवली निर्वाचन समितिलाई उपलब्ध गराउनु पर्दछ ।

(घ) निर्वाचनसम्बन्धी विनियमावली नबनेसम्म निर्वाचनसम्बन्धी कार्य गर्ने सम्पूर्ण अधिकार निर्वाचन समितिलाई हुनेछ । विनियमावली बनी स्वीकृति भएपश्चात् विनियमावली बमोजिम हुनेछ ।

(ङ) निर्वाचन समितिका पदाधिकारी, सदस्यले निर्वाचनमा उम्मेदवारी दिन पाउने छैन ।

(च) निर्वाचनका लागि आवश्यक सामग्री क्याम्पस प्रशासनले उपलब्ध गराउनु पर्नेछ ।

(छ) क्याम्पस प्रशासनबाट प्राप्त सामग्री तथा खर्चको फाँटवारीसहित फरफारकको लागि संचालक समितिमा पेश गर्नु पर्नेछ ।

(ज) निर्वाचनको परिणाम सार्वजनिक भइसकेपछि निर्वाचन समिति स्वतः निष्कृय हुनेछ ।

(झ) एक व्यक्ति एक मतको आधारमा मताधिकारको प्रयोग हुनेछ ।

२. संचालक समितिले संचालक समितिको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्न १ जना संयोजक र २ जना सदस्य रहेको निर्वाचन समितिको गठन गर्नेछ । निर्वाचन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सञ्चालक समितिको निर्वाचित सदस्य र निवर्तमान अध्यक्षलेमात्र अध्यक्ष र उपाध्यक्षमा उमेद्वारी दिन पाउनेछन् ।

(ख) संचालक समितिका संपूर्ण सदस्यहरुले निर्वाचनमा एक व्यक्ति एक मतको आधारमा मताधिकारको प्रयोग गर्न पाउने छन् ।

(ग) निर्वाचन गर्न निर्वाचन समितिलाई बढिमा १५ दिनको समय उपलब्ध हुने छ ।

(घ) मतदाताको नामावलि क्याम्पस प्रमुखवाट प्रमाणित गरी निर्वाचन समितिलाई उपलव्ध गराउनु पर्नेछ ।

(ङ) निर्वाचन सम्वन्धि कार्यतालिका, प्रकृया र अन्य कार्यवाहि निर्वाचन समितिले तोके वमोजिम हुनेछ ।

(च) निर्वाचन समितिले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गराई मत परिणाम सार्वजनिक गरी निर्वाचित अध्यक्ष र उपाध्यक्षको नामावलि संचालक समितिमा पठाउनु पर्नेछ ।

(छ) निर्वाचानको परिणाम सार्वजनिक भइसकेपछि निर्वाचन समिति स्वतः निष्कृय हुनेछ ।

## परिच्छेद ८

**८. क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र कार्यक्रम संयोजक, विभागिय प्रमुख सम्बन्धी व्यवस्था :**

**१. क्याम्पस प्रमुखः**

(क) क्याम्पस प्रमुखको नियुक्ति संचालक समितिको निर्णय बमोजिम संचालक समितिको अध्यक्षले गर्नेछ ।

(ख) संचालक समितिबाट क्याम्पस प्रमुखको नियुक्ति गर्दा न्यूनतम शैक्षिक योग्यता, स्थायी, अनुभव, शैक्षिक नेतृत्व वहन गर्न सक्ने क्षमतायुक्त व्यक्तिलाई क्याम्पस प्रमुखमा नियुक्ति गरिनेछ ।

(ग) क्याम्पस प्रमुखको पदावधि ४ वर्षको हुनेछ ।

(घ) क्याम्पस प्रमुखको पदावधि समाप्त भएमा संचालक समितिले पुनः नियुक्ति गर्न सक्नेछ ।

(ङ) माथि जुनसुकै कुरा उल्लेख भए पनि संचालक समितिले क्याम्पस प्रमुख हटाउनु पर्नेउचित कारण देखिएमा जुनसुकै वखत हटाउन सक्नेछ ।

**२ क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकारः**

१. क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

२. क्याम्पसमा अध्ययन, अध्यापन तथा अन्य कार्य गर्ने, सबै तहका शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकबीच पारस्परिक सहयोगको वातावरण सृजना गर्ने ।

३. सदस्य सचिवको हैसियतले संचालक समितिद्वारा गरिएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

४. आ.व.शुरु हुनुभन्दा ३ महिनापूर्व क्याम्पसको वार्षिक आय व्यय विवरण तयार गरी संचालक समितिमा पेश गर्ने ।

५. स्वीकृत बजेट अनुसार क्याम्पसको वार्षिक कार्यक्रम बनाई कार्य संचालन गर्ने ।

६. क्याम्पसको शिक्षाको गुणस्तर वृद्धितर्फ आवश्यक कार्यवाही गर्ने । आन्तरिक तथा बाह्रय परीक्षा सञ्चालन गरी परीक्षाको अभिलेख व्यवस्थित तरिकाले राख्न लगाउने ।

७. क्याम्पसको  शैक्षिक, आर्थिक र प्रशासनिक कार्यको जिम्मेवारी लिई संचालन गर्ने ।

८. क्याम्पस स्थापना भएको दिनलाई वार्षिक उत्सवको रुपमा मनाउन अभिभावक भेला गराउने र त्यस भेलामा वार्षिक प्रतिवेदन पेश गर्ने ।

९. शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गरी सोको प्रतिवेदन संचालक समितिमा पेश गर्ने ।

१०. संचालक समितिबाट स्वीकृत भएको दरबन्दीमा शिक्षक कर्मचारी सेवा आयोगको सिफारिस अनुसार आवश्यक शिक्षक तथा कर्मचारीहरुको विज्ञापन गरी स्थायी, अस्थायी, करार, आंशिक वा ज्यालादारी नियुक्तिको लागि विज्ञापन अनुसार लिखित परीक्षा एवं अन्तरवार्ता आदि आवश्यक प्रक्रिया पूरा गरी संचालक समितिमा पेश गर्ने ।

११. पुस्तकालयको व्यवस्था गर्ने र अतिरिक्त क्रियाकलापको संचालन गर्ने ।

१२. राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई ग्रेड थप वा पुरस्कार दिन संचालक समितिलाई कारणसहित सिफारिश गर्ने ।

१३. शिक्षक तथा कर्मचारीहरुलाई अनुशासन सम्बन्धी कार्वाही गर्ने र त्यस्तो कार्यवाही गर्दा निलम्बन तथा निष्कासन गर्नु पर्ने भए आफ्नो रायसहित संचालक समितिमा पेश गर्ने ।

१४. शिक्षक तथा कर्मचारीहरुको कामको बाँडफाँड गर्ने ।

१५. कार्यरत शिक्षक तथा कर्मचारीहरुको सेवाको रेकर्ड राख्ने वा राख्न लगाउने ।

१६. क्याम्पसको सम्पत्तिको लेखा राख्ने, संभार तथा सुरक्षा गरी सदुपयोग भए नभएको हेर्ने ।

१७. विद्यार्थीहरुका समस्याहरु समाधान गर्ने, अनुशासित राख्ने र अनुशानहिन भएका विद्यार्थीलाई अनुशासनको कार्वाही गर्ने ।

१८. क्याम्पसभित्र शैक्षिक प्रदर्शनी, प्रवचन, साहित्यीक वा साँस्कृतिक, खेलकुदका कार्यक्रम एवं शैक्षिक गतिविधि गर्न अनुमति माग गर्नेलाई अवस्थाहेरी अनुमित दिने ।

१९. सार्वजनिक विदा बाहेकका स्थानीय विदा एक वर्षमा बढीमा ३ दिन दिने ।

२०. अवाञ्छित व्यक्तिहरुलाई क्याम्पस हाताभित्र पस्न रोक लगाउने ।

२१. क्याम्पसको काम कार्वाही सुव्यस्थित र सुसंचालनको निमित्त आवश्यक सबै काम कार्वाही गर्ने गराउने ।

२२. चालु शैक्षिक सत्रको पठनपाठन सम्बन्धी दैनिक कार्यतालिका निर्माण गरी कक्षाकोठा तोक्ने ।

२३. आवस्यकता अनुसार स्टाफ बैठकवोलाई क्याम्पसको शैक्षिक गुणस्तर उकास्न छलफलगरी परामर्श लिने ।

२४. आफू मातहतका शिक्षक कर्मचारीहरुको विदा स्वीकृत गर्ने र विदाको रेकर्ड राख्ने वा राख्न लगाउने ।

२५. असाधारण परिस्थिति आइपरेमा त्यस्तो स्थिति सम्हाल्न आवश्यक सबै व्यवस्था मिलाउने ।

२६. आंशिक शिक्षक वढीमा छ महिना सम्मकालागि क्याम्पस प्रमुखले नियुक्त गर्ने छ र सो नियुक्ति संचालक समितिमा अनुमोदन गराउनु पर्नेछ ।

२७. संचालक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**३. सहायक क्याम्पस प्रमुखको नियुक्ति तथा काम, कर्तव्य र अधिकार**

क. क्याम्पसमा अध्यापनरत स्थायी र अनुभवी प्राध्यापकबाट क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिले वढिमा २ जना सहायक क्याम्पस प्रमुखको नियुक्ति गर्नेछ ।

ख. सहायक क्याम्पस प्रमुखको पदावधि ४ वर्षको हुनेछ । पदावधि समाप्त भएमा पुन: नियुक्ति गर्न सक्नेछ तर संचालक समितिले चाहेमा जुनसुकै बखत हटाउन सक्नेछ ।

ग. क्याम्पस प्रमुखको अनुपस्थितिमा क्याम्पस प्रमुखले तोके अनुसार भइ काम गर्ने ।

घ. क्याम्पस प्रमुखलाई आवश्यक सहयोग तथा सल्लाह दिने ।

ङ. क्याम्पस संचालनको लागि क्याम्पस संचालक समितिको निर्देशनअनुसार क्याम्पस प्रमुखले तोके बमोजिमका अन्य सबै काम गर्ने ।

च. सहायक क्याम्पस प्रमुख पूर्णरुपले क्याम्पस प्रमुखप्रति जिम्मेवार हुनेछन् ।

४. कार्यक्रम संयोजकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

क. विभिन्न संकाय र कार्यक्रम संचालन हुँदा क्याम्पसमा प्रत्येक कार्यक्रम र संकाय अन्तर्गत आवश्यकता अनुसार क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिबाट कार्यक्रम प्रमुखको नियुक्ति गरिनेछ ।

ख. कार्यक्रम प्रमुखको पदावधि ४ वर्षको हुनेछ ।

ग. क्याम्पसको वार्षिक, अर्धवार्षिक मासिक एवं दैनिक शैक्षिक योजना कार्यक्रम निर्माणगरी कार्यक्रम संचालन गर्ने ।

**५. विभागीय प्रमुखको नियुक्ति तथा काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) क्याम्पसमा विभिन्न विभागिय कार्य संचालनकालागि क्याम्पस प्रमुखले विभागिय प्रमुखको नियुक्ति गर्ने छ । सोको जानकारी सञ्चालक समितिलाई दिनु पर्नेछ ।

(ख) विभागिय प्रमुखको कार्यकाल ४ वर्षको हुनेछ ।

(ग) विभागिय प्रमुखले आफ्नो विभागको कार्यक्रमलाई सुव्यवस्थित रुपमा संचालन गर्ने

(घ) शैक्षिक गुणस्तर वृद्धि गर्न प्रयत्नशील रहने ।

(ङ) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

(च) विभागीय कार्यक्रम निर्माण गरी क्याम्पस प्रमुखवाट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ङ) तोकिए बमोजिमका थप कामहरु गर्ने ।

## परिच्छेद-९
## शिक्षक तथा कर्मचारीको दरबन्दीसम्बन्धी व्यवस्था

**९. दरबन्दी**

**१. शिक्षक तथा कर्मचारीको दरबन्दी विनियममा तोके वमोजिम हुनेछ ।**

**२. शिक्षक र कर्मचारीहरुको नियुक्ति सेवा सर्त र सुविधाः**

(क) क्याम्पसमा कुनै शिक्षक वा कर्मचारीको स्थायी नियुक्ति गर्दा दरबन्दीको आधारमा विज्ञापन गरी खुला प्रतियोगिताद्वारा सेवा आयोगवाट निर्धारित लिखित परीक्षा र अन्तरवार्तामा उच्चतम अङ्क प्राप्त गर्ने व्यक्तिलाई सेवा आयोगबाट नियुक्तिको लागि सिफारिस गरिने छ ।

(ख) शिक्षक, कर्मचारीको विज्ञापन गर्दा स्थायी पदको लागि ३० दिन, अस्थायी पदको लागि २१ दिन, करार पदको लागि १५ दिन, आंशिक र ज्यालादारीको लागि ७ दिनको म्याद दिई स्थायी र अस्थायी पदको लागि स्थानीय स्तरको पत्रिकामा दरखास्त आव्हान गरी विज्ञापन प्रकाशित गर्नु पर्नेछ तर दैनिक ज्यालादारी र रुटिङ अनुसार घण्टीको आधारमा अध्यापन गर्नेको हकमा तत्काल नियुक्ति गर्ने अधिकार क्याम्पस प्रमुखलाई हुनेछ सोको अनुमोदन क्याम्पस सञ्चालक समितिको बैठकमा गराउनु पर्नेछ ।

(ग) विज्ञापन प्रकाशित भैसकेपछि परेको दरखास्तहरु मध्येबाट योग्यतम उम्मेद्वारलाई नियुक्ति गर्नुपर्नेछ । आंशिक र करारमा शिक्षक नियुक्ति गर्दा पाएसम्म अर्को ठाउँमा काम नगर्नेलाई प्राथमिकता दिनुपर्नेछ ।

(घ) आवश्यकता अनुसार आंशिक र करारमा नियुक्तिगर्दा बढीमा एक शैक्षिक सत्रकोलागि नियुक्तिगर्न सकिने छ ।

(ङ) सेवा आयोगले सिफारिश गरेको योग्यतम व्यक्तिलाई संचालक समितिको बैठकबाट अनुमोदन भए पछि अस्थायी वा स्थायी नियुक्ति दिइनेछ ।

(च) स्थायी नियुक्ति गर्दा एक वर्षको परीक्षणकाल रहनेछ । निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा एक वर्षको अवधि भुक्तान भएपछि परीक्षणकाल हटाइनेछ । परीक्षणकालमा सन्तोषजनक कार्य संपादन नभएमा पुनः परीक्षणकाल थप हुनेछ । थपिएको परीक्षणकालमा समेत सन्तोषजनक कार्य सम्पन्न नगरेमा सेवाबाट अवकास दिइनेछ ।

(छ) नेपाल सरकारको कार्यालय संघ संस्था, संस्थान, र अन्य क्याम्पसमा कार्यरत कुनै व्यक्तिलाई यस क्याम्पसको शिक्षक वा कर्मचारी पदमा नियुक्ति गर्दा करार वा आंशिक सेवामा मात्र नियुक्ति गर्न सकिनेछ ।

(ज) यस क्याम्पसमा स्थायी तथा अस्थायी नियुक्ति पाई कार्यरत रहेका शिक्षक तथा कर्मचारीहरु सरकारी, अर्ध सरकारी, गैह्र सरकारी संस्थाहरुमा पूर्णकालिन नियुक्ति पाएको मितिदेखि यस क्याम्पसमा स्वतः करार वा आंशिक सेवामा परिवर्तन हुनेछन् ।

(ञ) सरकारी, अर्धसरकारी तथा गैह्र सरकारी स्वामित्वमा रहेका कार्यालय वा संस्थानमा नियुक्ति पाई कार्यरत व्यक्तिलाई भने स्थायी वा अस्थायी नियुक्ति दिइने छैन ।

(ञ) यस क्याम्पसमा कार्यरत स्थायी वा अस्थायी शिक्षक तथा कर्मचारीहरुले सरकारी, गैह्रसरकारी, संघसंस्था, समिति र आयोगहरुमा नियुक्तिलिई काम गरेमा प्रचलित ऐन नियम तथा त्रि.वि.को ऐन नियम बमोजिम हुनेछ ।

(ट) यस क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले सरकारी, गैह्र सरकारी, संघसंस्था, समिति तथा आयोगहरुमा अस्थायी, करार र ज्यालादारीमा नियुक्ति लिनको लागि यस क्याम्पसको पूर्व स्वीकृति लिनु पर्नेछ तर स्थायी, अस्थायी पदमा कार्यरत व्यक्तिलाई क्याम्पसले सहमति दिने छैन ।

(ठ) सरकारी, गैह्र सरकारी संघसंस्था, समिति, आयोगमा कार्यरत स्थायी वा अस्थायी कर्मचारीहरुले यस क्याम्पसको आंशिक वा करार सेवामा नियुक्तिको लागि विभागीय स्वीकृति लिई आउनु पर्नेछ ।

(ड) शिक्षक कर्मचारी नियुक्ति हुनुपूर्व निजलाई देशको कुनै पनि सरकारी कार्यालय, संघ संस्थामा पूर्णकालिन तथा वैतनिक कर्मचारीको रुपमा काम गरेको छैन भनी कवुलियतनामा गराउनु पर्नेछ र कार्यरत सवै शिक्षक कर्मचारीहरुलाई हरेक आर्थिक वर्षको सुरुमा सोहि अनुसारको कवुलियतनामा गरी गराई क्याम्पसमा सुरक्षित राख्नुपर्नेछ । त्यसरी कवुलियतनामा नगर्ने शिक्षक कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्न क्याम्पस बाध्य हुने छैन ।

## परिच्छेद- १०
## शिक्षक कर्मचारी सेवा आयोग सम्बन्धी व्यवस्था

**१०. क्याम्पसमा शिक्षक कर्मचारी नियुक्ति तथा बढुवाको लागि देहायको शिक्षक तथा कर्मचारी सेवा आयोगको व्यवस्था हुनेछ :**

१. क्याम्पसमा काम गर्ने शिक्षक, कर्मचारीहरुको नियुक्ति क्याम्पस सेवा आयोगको सिफारिसमा संचालक समितिले गर्नेछ ।

२. सेवा आयोगको गठन संचालक समितिले गर्नेछ ।

३. सेवा आयोग ४ सदस्यीय हुनेछ र आयोगको गठन निम्नबमोजिम हुनेछ :

(क) संचालक समितिका उपाध्यक्ष १ संयोजक

(ख) संचालक समितिका सदस्य १ सदस्य

(ग) सम्बन्धित विषयको विभागीय प्रमुख १ सदस्य

(घ) क्याम्पस प्रमुख १ सदस्य सचिव

(ङ) छनौट प्रक्रियामा सेवा आयोगले सम्बन्धित विषयका विशेषज्ञ आमन्त्रण गर्न सक्नेछ ।

४. योग्यताः शिक्षक, कर्मचारीहरुको नियुक्तिका लागि आवश्यक शैक्षिक योग्यता त्रि.वि./नेपाल सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. सेवा आयोगको काम कर्तव्य र अधिकारः

(क) छनौटका लागि आवश्यक कार्यविधि बनाउने ।

(ख) छनौटसम्बन्धी गोपनीयता कायम राख्ने ।

(ग) छनौट प्रक्रिया निश्पक्ष, भेदभावरहित र विश्वासिलो बनाउने ।

(घ) क्याम्पसबाट नियुक्तिको लागि माग भई आएका पदहरुमा योग्यता पुगेका व्यक्तिहरुबाट योग्यतम् व्यक्ति ( उम्मेदवार) को चयन गरी नियुक्तिको लागि क्याम्पस सञ्चालक समितिमा सिफारिस गर्ने ।

(ङ) क्याम्पसका शिक्षक कर्मचारीहरुको नियुक्तिका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता, अङ्क विभाजन एवं सिफारिस सम्बन्धी प्रक्रिया निर्धारण गरी संचालन समितिबाट स्वीकृत गराई कार्यन्वयन गर्ने ।

(च) सेवा आयोगले संचालन गर्ने छनौट परीक्षा तथा पदोन्नतीसम्वन्धी व्यवस्था संचालक समितिबाट स्वीकृत विनियमावलीको आधारमा हुनेछ ।

६.पद रिक्त हुने अवस्थाः

क्याम्पसका शिक्षक तथा कर्मचारीहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ :

(क) लिखित राजीनामा स्वीकृत भएमा
(ख) क्याम्पस प्रमुख, सहायक प्रमुख र विभागीय प्रमुखको हकमा निजहरुको यस विधान बमोजिम तोकिएको पदावधि समाप्त भएमा (तर यस्तो अवस्थामा निजहरुको शैक्षिक पद कायमै रहने छ ।)
(ग) मानसिक सन्तुलन बिग्रिएमा ।
(घ) नैतिक पतन देखिने, फौजदारी अभियोगको सजाय पाएमा
(ङ) आफ्नो पदीय दायित्व निर्वाह नगरेको वा क्याम्पसको हित विपरीत आचरण गरे गराइएको ठहऱ्याई संचालक समितिको बैठकद्वारा हटाएमा तर निजलाई आफ्नो सफाईको प्रमाण पेश गर्न कम्तिमा १५ दिनको मौका दिनु पर्नेछ ।
(च) सार्वजनिक सुरक्षा ऐन अर्न्तगत थुनामा रहेमा निजलाई सो अवधिभरका लागि निलम्बित भएको मानिनेछ तर थुनाबाट मुक्त भएपछि निज आफ्नो पदमा बहाल रहनेछन् ।
(छ) विना जानकारी लगातार ९० दिन भन्दा बढी क्याम्पसमा अनुपस्थित भएमा
(ज) मृत्यु भएमा

## परिच्छेद-११
## सेवा, शर्त र सुविधासम्बन्धी व्यवस्था:

**११. क्याम्पसमा कार्यरत पदाधिकारी, शिक्षकतथा कर्मचारीहरुको सेवा, शर्त र सुविधासम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

**१. सेवा सुविधा सम्वन्धि व्यवस्था :**

तलब, भत्ता, भ्रमण भत्ता, पारिश्रमिक र अन्य सुविधा सम्वन्धि व्यवस्था त्रिभुवन विश्व विद्यालयले निर्धारण गरेको प्रचलित स्केललाई आधार बनाई क्याम्पसको आर्थिक स्थिति अनुसार संचालक समितिले तोकेबमोजिम हुनेछ ।

**२. संचयकोष सम्बन्धी व्यवस्था:**

(क) क्याम्पसमा स्थायी रुपले कार्यरतशिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्ति भएको मितिदेखि नै मासिक तलबबाट १० प्रतिशतका दरले रकम कट्टा गरी त्यति नै रकम क्याम्पसले थप गरी शिक्षक कर्मचारीको नाममा कर्मचारी संचयकोषमा जम्मा गरिनेछ ।
(ख) कुनै पनि व्यक्तिको सेवाकालीन अवस्थामा मृत्यु भएमा निजको हकवालाले संचयकोषको रकम प्रचलित कानुन बमोजिम पाउने छन् ।
(ग) यो विधानमा अन्यथा लेखिएको बाहेक क्याम्पसकाशिक्षक तथा कर्मचारीहरुको न्यूनतम योग्यता त्रिभुवन विश्वविद्यालयले तोके बमोजिम हुनेछ ।
(घ) क्याम्पस सेवामा भएका शिक्षक वा कर्मचारीहरुले सेवाबाट मुक्त हुन चाहेमा क्याम्पसलाई लिखित रुपमा ३० दिन अगावै सूचना दिनु पर्नेछ । त्यसरी सूचना नदिई सेवामुक्त हुन भएमा १ महिनासम्मको तलब भत्ता कट्टा गरिनेछ ।
(ङ) क्याम्पसमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरुको सेवा, शर्त र सुविधाहरुको लागि एक छुट्टै कर्मचारी कल्याण कोष विनियमावली बनाइनेछ र उक्त कोषको संचालन र व्यवस्थापन विनियमावलीमा व्यवस्था गरे बमोजिम हुनेछ ।
(च) यस क्याम्पसमा स्थायी सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरुले स्वेच्छिक अवकाश वा हदम्याद पूरा भई अवकाश हुने अवस्थामा देहाय अनुसारको सेवा सुविधा उपलब्ध गराइनेछ ।

१. ५ देखि १० वर्षको सेवाअवधि पुरा गरेकाहरुको लागि प्रत्येक वर्षको निमित्त आधा महिनाको तलब
२. १० देखि १५ वर्षको सेवाअवधि पुरा गरेकाहरुको लागि प्रत्येक वर्षको निमित्त खाइपाई आएको आखिरी तलबको एक महिनाको तलब वरावर
३. १५ वर्षभन्दा बढी सेवा अवधि पुरा गरेकाहरुको लागि प्रत्येक वर्षको निमित्त खाइपाई आएको आखिरी तलबको ४५ दिनको तलब तर सो रकम १८ महिनाभन्दा बढी हुने छैन ।

४. विषय फेज आउट भई कुनै शिक्षक तथा कर्मचारीलाई अवकाश दिनु परेमा माथि उल्लेखित नोकरी अवधिअनुसार थप सुविधावापत् २५ प्रतिशत रकम उपलब्ध गराइनेछ ।

५. माथि क, ख, ग र घ मा जुनसुकै कुरा लेखिएको भए तापनि क्याम्पसको वित्तीय अवस्थालाई ध्यानमा राखी सञ्चालक समितिको निर्णय अनुसार कारण सहित एकमुष्ठ वा किस्ता बन्दीमा रकम भुक्तानी गरिनेछ । भुक्तानीको अधिकतम् समय अवधि ३ वर्षभन्दा बढी हुने छैन ।

(छ) क्याम्पसमा स्थायी, अस्थायी शिक्षक तथा कर्मचारी सेवाबाट हटेको बखत विदा र उपदानको रकम भुक्तानी गर्नको लागि क्याम्पसमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरुले पाउने वार्षिक तलबमानलाई आधार मानी प्रत्येक वर्ष एक महिना बराबरको तलब कर्मचारी कल्याण कोषको रुपमा क्याम्पसको कोषबाट छुट्याई कुनै बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली राखिने ।

(ज) उपनियम ९.२ (छ) बमोजिमको रकम अन्य कुनै कार्यमा खर्च गरिने छैन । क्याम्पसका शिक्षक तथा कर्मचारीहरु सेवाबाट हटेका वखत यसकोषवाट त्यस्ता शिक्षक तथा कर्मचारीलाई सुविधा वापत खर्च गरिने छ ।

(झ) कुनै पनि शिक्षकवाट कर्मचारीले क्याम्पसको सेवा छोड्नु अगावै बरबुझारथ गर्नु पर्नेछ, सो नगरेमा निजले पाउने तलब र सुविधाबाट कट्टा गरिनेछ । सो नभएमा निजबाट असुल गर्नु पर्ने रकम प्रचलित नियम अनुसार असुल उपर गर्न सकिनेछ ।

(ञ) क्याम्पस प्रमुख लगायत शिक्षक तथा अन्य कर्मचारीले क्याम्पसको लागि भ्रमण गर्नु पर्दा पाउने सुविधा संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ट) क्याम्पस प्रमुखले तलब वृद्धि रोक्का नगरेमा क्याम्पसका शिक्षकवा कर्मचारीले एक आर्थिक वर्षको सेवा अवधि पूरा गरेपछि एक ग्रेड थपिने छ ।

(ठ) क्याम्पसमा काम गर्ने समय संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ड) यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक शिक्षक तथा कर्मचारीको हकमा ६३ वर्ष उमेरको हद हुनेछ ।

३. उचित र पर्याप्तकारणका आधारमा संचालक समितिले निम्न बमोजिमको कसुरमा शिक्षक र कर्मचारीलाई निम्न बमोजिमको कार्यवाही गरिनेछ :

(क) आचारसंहिता उलंघन गरेमा : नसिहत दिने

(ख) कार्य क्षमताको अभाव भएमा: तवबवृद्वि (ग्रेड) रोक्का गर्ने वा बढुवा रोक्का गर्ने ।

(ग) पदीय कर्तव्यमा लापर्वाही गरेमा: निलम्बन गर्ने

(घ) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट कसुर ठहरिएमा: नोकरीको निमित्त सामान्यतय अयोग्य नठहरीने गरी हटाउने ।

(ङ) भ्रष्टचार गरेको प्रमाणित भएमा: नोकरीको निमित्त अयोग्य ठहरिने गरी वर्खास्त गर्ने ।

**४. सफाई सम्वन्धि व्यवस्था**

आफूले पाएको सजायबिरुद्ध सम्बन्धित् कर्मचारी वा शिक्षकहरुले आफू निर्दोष भएको प्रमाणसहित संचालक समिति समक्ष ३५ दिनभित्र पुनरावेदन दिन सक्नेछ । संचालक समितिले सो सम्बन्धमा छानविन गरी अन्तिम निर्णय दिनेछ ।

**५. विदासम्बन्धी व्यवस्था:**

क) क्याम्पसका शिक्षक र कर्मचारीहरुले हिउँदे र वर्षे गरी क्याम्पसले तोकेको समयमा बढीमा ६० दिनसम्म विदा पाउने छन् ।

ख) शिक्षक तथा कर्मचारीहरुले एक वर्षमा ९ दिन भैपरी आउने विदा, ६ दिन पर्व विदा, १५ दिन विरामी विदा पाउने छन् । विरामी विदा संचित राखेमा तलब स्केलको आधारमा नोकरी छोड्दाको बखत एकमुष्ट रकम उपलब्ध गराइने छ ।

ग) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, प्रशासन सहायक, पुस्तकालय सहायक, लेखापाल, सहायक लेखापाल र कार्यालय सहयोगीले प्रत्येक वर्ष हिउँदे र वर्षे वापत ३० दिन घर विदा पाउनेछन् । त्यस्ता कर्मचारीले घरविदा संञ्चित राखेमा सोहीवर्ष सञ्चित रहेको घर विदाको रकम तलब बराबर पाउनेछन् ।

घ) हिउदे र वर्षे विदा पाउने शिक्षक कर्मचारीहरुले विदाको दिन काम गरेमा २ दिन वरावर १ दिनको विदा सुविधा उपलब्ध हुनेछ । त्यस्ता कर्मचारीहरुको कामको विवरण प्रमाणित हुनु पर्नेछ ।

ङ) किरिया विदा: क्याम्पसका शिक्षक तथा कर्मचारीले कूल धर्मअनुसार आफै किरिया बस्नु परेमा बढीमा १५ दिनसम्म किरिया विदा पाउनेछन् ।

च) प्रसुति विदा : महिला शिक्षक तथा कर्मचारीले प्रसुतिको अघिपछि गरी ७५ दिन प्रसुति विदा लिन पाउनेछन् । यस अवधिमा पूरा तलब पाउनेछन् तर प्रसुति विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ । प्रसुती स्याहार विदावापत शिक्षक कर्मचारीको श्रीमती सुत्केरी भएमा निजको श्रीमानलाई १ पटकमा १५ दिन हुने गरी बढीमा २ पटकसम्म प्रसुति स्याहार विदा दिइनेछ ।

छ) अध्ययन विदा: कुनै शिक्षक तथा कर्मचारीले कम्तीमा ५ वर्ष अविछिन्न स्थायी सेवा गरेपछि क्याम्पसलाई आवश्यक पर्ने विषयमा अध्ययन गर्न जान परेमा बढीमा ३ वर्षसम्म बेतलबी अध्ययन विदा लिन पाउने छ । तर क्याम्पसको तर्फबाट कुनैतालिम वा अध्ययनमा पठाइएको भएमा पूरा तलब दिनु पर्नेछ ।

ज) असाधारण विदा: नोकरी अवधि भरमा बढीमा ३ वर्ष बेतलबी विदा लिन पाउने छन् ।

झ) क्याम्पस प्रमुखले दफा ११.५ को क, ख, घ, ङ र च मा उल्लेखित विदाहरु स्वीकृत गर्न सक्नेछ र अन्य विदाको हकमा संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।

ञ) विदाको रेकर्ड प्रत्येक वर्ष क्याम्पस प्रमुखबाट प्रमाणित गराई राख्नुपर्नेछ ।

ट) भैपरी आउने विदा र पर्व विदा एक वर्षभित्र लिइसक्नुपर्नेछ । अर्को वर्ष सरोट भई जानेछैन ।

ठ) सट्टा विदा : विदाको दिनमा काम गर्ने शिक्षक कर्मचारीले २ दिन बरावर १ दिन सट्टा विदा पाइने छ ।

ड) विदा अधिकारको कुरा होइन सुविधा मात्र हो ।

**६. सेवा दर्ता अभिलेख:**

(क) क्याम्पस प्रमुखको कार्यालयमा क्याम्पसका सबै शिक्षक तथा कर्मचारीहरुको सेवा दर्ता अभिलेख रहनेछ ।

(ख) सेवा दर्ता अभिलेखमा शिक्षक तथा कर्मचारीको तीन पुस्ते, नियुक्ति पत्र, शैक्षिक योग्यता, नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु र उमेर खुलेको प्रमाण पत्रहरु रहनेछ ।

(ग) यस अभिलेखमा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरण सम्बन्धी विवरण राखिनेछ ।

**७. बढुवा सम्बन्धी व्यवस्था:**

(क) कुनै शिक्षकले लगातार ५ वर्षसम्म शिक्षण सहायक पदमा कार्यरत रहेमा निजलाई उप-प्राध्यापक पदमा नियुक्ति गर्न सकिनेछ ।

(ख) उप-प्राध्यापक पदमा स्थायी नियुक्ति लिई लगातार १० वर्षसम्म अध्यापन गरेको भए सह-प्राध्यापक पदमा पदोन्नतिको लागि न्यूनतम योग्यता पुगेको मानिनेछ ।

(ग) सह-प्राध्यापक पदमा स्थायी नियुक्ति पाई लगायतार १० बर्षसम्म अध्यनपन गरेको भए प्राध्यापक पदमा पदोन्नतिको लागि न्यूनतम योग्यता पुगेको मानिनेछ ।

(घ) कार्यालय सहयोगी बाहेकका सहायक कर्मचारीहरु बढुवा हुनको लागि स्थायी नियुक्ति लिई कम्तिमा ५ वर्ष अविछिन्न सेवा गरेको भए निज एक तह माथिल्लो पदमा बढुवा हुन सक्नेछ । बढुवा गर्नु पर्ने पदको लागि चाहिने शैक्षिक योग्यता पेश गर्नुपर्नेछ ।

(ङ) संचालक समितिले शिक्षक कर्मचारीको बढुवा प्रयोजनका लागि कार्यविधि निर्माण गरि सेवा आयोग मार्फत गरिनेछ ।

(च) शिक्षक र कर्मचारीलाई बढुवा गर्दा सेवा आयोगको सिफारिश आवश्यक पर्दछ । सो सिफारिशलाई संचालक समितिको बैठकबाट अनुमोदन भएपछि सम्बन्धित शिक्षक वा कर्मचारीलाई बढुवाको नियुक्तिपत्र दिइने छ ।

(छ) हरेक वर्षको आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र शिक्षक कर्मचारीले आफूले गरेको अघिल्लो बर्षको कार्यसम्पादन मूल्याङ्कन फारम भरी क्याम्पस प्रमुखलाई वुझाउनु पर्नेछ र उक्त फारममा उल्लेख गरिए बमोजिमको कार्य सम्पादन भए नभएको जाँची प्राप्तांङ्क लेख्ने कार्य क्याम्पस प्रमुखको हुनेछ र क्याम्पस प्रमुखको मूल्याङ्कन संचालक समितिवाट हुनेछ ।

(ज) माथि जे सुकै लेखिएको भए तापनि आर्थिक अवस्थाले धान्न नसक्ने भएमा बढुवा गर्न क्याम्पस बाध्य हुने छैन ।

८. सम्पती विवरण पेश गर्नु पर्ने : क्याम्पसमा कार्य गर्ने शिक्षक, कर्मचारीले आफु नियुक्त भएको ३५ दिन भित्रमा आफ्नो सम्पत्ती विवरण पेश गर्नु पर्ने छ र त्यस्तो विवरण प्रत्येक आ.व.सुरु भएको ३५ दिन भित्र पुन: पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## आर्थिक प्रशासनसम्बन्धी व्यवस्था

**१२ क्याम्पसको आर्थिक प्रशासन र कोष संचालन देहाय बमोजिम हुनेछ :**

१. वरुण बहुमुखी क्याम्पसको आफ्नो छुट्टै कोष रहनेछ । उक्त कोषकादेहाय बमोजिमको वैंक खाताहरु रहने छन् र ती खाताहरुको प्रयोजन तथा संचालन देहाय वमोजिम हुनेछ :

(क) मुख्य कोष खाता:- यो खाता क्याम्पसको दैनिक आम्दानी खर्च गर्ने खाता हुनेछ र उक्त खातामा देहाय वमोजिम आम्दानी हुनेछ :

१. क्याम्पसका विद्यार्थीबाट उठाइएको विभिन्न प्रकारका शुल्क आदि ।
२. क्याम्पस संचालनको लागि प्राप्त भएको दान, दातव्य र अनुदान रकम ।
३. सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विश्व विद्यालय अनुदान आयोग तथा त्रि.वि. बाट प्राप्त अनुदान रकम ।
४. विभिन्न संघसंस्थाहरुबाट प्राप्त अनुदान तथा सहयोग रकम ।
५. अन्य स्रोतबाट प्राप्त रकमहरु ।

(ख) अक्षयकोष खाता :- क्याम्पस र विभिन्न संघ संस्था, व्यक्तिहरुवाट प्राप्त अक्षयकोषको रकम अक्षयकोष खाता खोली संचालन हुनेछ ।

(ग) निर्माण खाता :- क्याम्पसको भौतिक संरचना निमार्णकालागि प्राप्त अनुदान सहयोगको रकम निर्माण खाता खोली संचालन गरिनेछ ।

(घ) छात्रवृत्ति खाता :- क्याम्पसको अक्षयकोष तथा छात्रवृत्ति वापतको रकम छात्रवृत्ति कोषको रुपमा छुट्टै खाताखोली संचालन गरिने छ ।

(ङ) कर्मचारी कल्याणकोष खाता:- क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीहरुको सेवा निवृत्त पश्चात उपलव्ध गराउन पर्ने सेवा सुविधाकालागि कर्मचारी कल्याण कोष खाता खोलिनेछ ।

(छ) अन्य आवस्यक खाताहरु आवस्यकता अनुसार खोली संचालन गरिने छ ।

२. क्याम्पसको नाममा खोलिएको बैंक खाताहरु क्याम्पस सञ्चालक समितिका अध्यक्ष, क्याम्स प्रमुख र लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ । तर विशेष परिस्थिति परेमा अध्यक्षले कुनै सञ्चालक समितिका सदस्यलाई बैंक खाता सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ र क्याम्पसको दैनिक कार्य सञ्चालनको खाता क्याम्पस प्रमुख र लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

३. अक्षयकोषको खर्च सम्वन्धी व्यवस्था :

(क) क्याम्पसमा कुनै प्रयोजनको लागि अक्षयकोषको स्थापना गरिएमा त्यस कोषबाट प्राप्त हुने व्याज मात्र तोकिएको कार्यमा खर्चगरिनेछ ।

(ख) संचालक समितिले सम्बन्धित दातृसंस्था वा अक्षयकोष दाताको सहमतिमा अक्षयकोष संचालनकोलागि छुट्टै कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सकिनेछ ।

४. लेखा हिसाव राख्ने

(क) क्याम्पसको लेखासम्बन्धी कार्यको लागि एक लेखा शाखा रहनेछ । लेखा हिसाव दुरुस्त राख्ने जिम्मेवारी लेखा प्रमुखको हुनेछ । सोको रेखदेख र नियन्त्रण गर्ने कार्य क्याम्पस प्रमुखको हुनेछ ।

(ख) लेखा राख्दा क्याम्पसमा विभिन्न प्रयोजनका लागि प्राप्त रकमको आय व्ययको हिसाव विवरण छुट्टा छुट्टै राख्नु पर्नेछ ।

(ग) रकम खर्च गर्दावार्षिक वजेट निर्माण गरी विनियोजन गरिएकोशीर्षकअनुसार गर्नु पर्नेछ ।

(घ) लेखा राख्दा दोहोरो लेखा प्रणालीअनुसार राख्नुपर्नेछ ।

(ङ) लेखा प्रत्येक महिनाको नाफा नोक्शान देखिने गरी प्रस्टसँग राख्नु पर्नेछ ।

(च) आ.ले.प.ले चाहेमा सम्पूर्ण हिसावकिताव कुनै पनि समयमा हेर्न सक्नेछ ।

(छ) दश हजारसम्म रकम भएको सानो नगदी कोष खडा गरिनेछ ।

(ज) क्याम्पसका लेखा लगायत सम्पूर्ण तथ्याङ्क सफ्टवायरमार्फत व्यवस्थित गरिनेछ ।

५. खरिदसम्वन्धी व्यवस्था :

क्याम्पसको नियमित संचालनका लागी आवश्यक सामग्री खरिद गर्नु पर्ने भएमा एक पटकमा रु २५ हजारसम्म क्याम्पस प्रमुखको स्वविवेकमा खर्च गर्न सक्नेछ साथै रु ५० हजार सम्म अध्यक्षले र सो भन्दा माथि संचालक समितिको निर्णय आवस्यक पर्नेछ ।

६. लिलाम बिक्रीसम्बन्धी व्यवस्था :

(क) क्याम्पसको लागि नचाहिने वा सडीगली जाने संभावना देखिएको वा काममा ल्याउन नसकिने भएको माल सामानहरु छुट्याई सोको विवरण तयार गरी १५ दिनको सूचना निकाली लिलाम बिक्री गर्न पर्नेछ ।

(ख) यस सम्बन्धी सम्पूर्ण निर्णय क्याम्पस संचालक समितिले गर्नेछ ।

७.लेखा परीक्षणसम्बन्धी व्यवस्था :

(क) क्याम्पसले प्रत्येक वर्ष आम्दानी खर्चको आन्तरीक तथा वाह्य लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिनाभित्रमा गराई सक्नु पर्नेछ ।

(ख) लेखा परीक्षकको नियुक्ति संचालक समितिले गर्नेछ । निजले पाउने पारिश्रमिक संचालक समितिले तोके बमोजिम हुनेछ ।

(ग) लेखा परीक्षकको नियुक्ति गर्दा क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारी बाहेक महालेखा परीक्षकबाट स्वीकृत प्राप्त रजिष्टर्ड लेखापरीक्षकलाई मात्र गरिनेछ ।

(घ) लेखा परीक्षण गर्दा लेखापरीक्षकले लेखासम्बन्धी अभिलेख नियमित भए नभएको, उठेको रकम समयमा नै बैंकमा जम्मा भए नभएको, स्वीकृत बजेट शीर्षक बमोजिम खर्च भए नभएको जस्ता कुरामा ध्यान दिनु पर्नेछ ।

(ङ) लेखापरीक्षकलाई लेखा सम्बन्धी सम्पूर्ण अभिलेख र नीति नियमहरु उपलब्ध गराउनु र प्रष्ट पार्नु क्याम्पस प्रमुख र लेखा प्रमुखको कर्तव्य हुनेछ ।

(च) लेखा परीक्षकद्वारा तयार गरीएको प्रतिवेदन संचालक समितिको बैठकमा पेश गरिनेछ । सो प्रतिवेदन माथि छलफल गरी आवश्यक परेमा सुझावहरु सहित संचालक समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

८. आन्तरिक लेखा परीक्षणसम्बन्धी व्यवस्था

(क) क्याम्पसको आन्तरिक लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र गरी सक्नु पर्नेछ ।

(ख) आन्तरिक लेखापरीक्षणको प्रतिवेदन सञ्चालक समितिबाट अनुमोदन भएपछि मात्र अन्तिम लेखा परीक्षणको लागि रजिस्टर्ड लेखापरीक्षकबाट लेखा परीक्षण गराइनेछ ।

(ग) आन्तरिक लेखा परीक्षण गर्न सञ्चालक समितिले देहाय बमोजिम पदाधिकारी एवं सदस्यहरुको आन्तरीक लेखा परीक्षण उप समिति गठन गर्नेछ ।

१. सञ्चालक समितिले तोकेको उक्त समितिको सदस्य संयोजक - १

२. सञ्चालक समितिले तोकेको सदस्य -२

**परिच्छेद १३**

## मान सम्मान तथा पुरस्कारसम्बन्धी व्यवस्था

**१३. क्याम्पस संचालक समितिले देहाय बमोजिमको मान सम्मान तथा पुरस्कारको व्यवस्था गर्नेछ :**

(क) क्याम्पसलाई रु ५०,००० वरावरको जिन्सी वा नगद (चल अचल) चन्दा दान गर्ने दाताहरुको फोटो क्याम्पसमा राख्ने ।

(ख) क्याम्पसलाई रु १,००,००० वरावरको जिन्सी वा नगद (चल अचल) चन्दा दान गर्ने दाताहरुको फोटो राखी फेलेक्स वोर्डमा नाम ठेगाना र प्राप्त सहयोग राशी उल्लेख गरी राख्ने ।

(ग) क्याम्पसलाई रु २,००,००० वरावरको जिन्सी वा नगद (चल अचल) चन्दा दान गर्ने दाताहरुको फोटो राखी ताम्रपत्रमा नाम ठेगाना र सहयोग रासी उल्लेख गरी राख्ने ।

(घ) क्याम्पसलाई रु ३,००,००० वरावरको जिन्सी वा नगद (चल अचल) चन्दा दान गर्ने दाताहरुको फोटो राखी ताम्रपत्रमा नाम ठेगाना र सहयोग रासि उल्लेख गरि राख्ने साथै क्याम्पसको आजीवन सदस्यता प्रदान गर्ने ।

(ङ) २०७६ आषाढ मशान्त सम्म रु ५०,००० भन्दा कम नगद वा जिन्सी चन्दा दान गर्ने दाताहरुलाई क्याम्पसको वार्षिकोत्सवमा निमन्त्रणा गरी सम्मान गर्ने ।

(च) क्याम्पस संचालन तथा व्यवस्थापनमा विशेष योगदान गर्नुहुने स्वदेशी तथा विदेशी नागरिकहरुलाई क्याम्पसकोमानार्थ सदस्य बनाइनेछ ।

(छ) क्याम्पसको हितमा सदैव दत्तचित्त भएर काम गर्ने संचालक समिति, सल्लाहकार तथा अभिभावकहरुलाई न्यायोचित सम्मान गरिनेछ ।

(ज) क्याम्पसका शिक्षक, कर्मचारीहरुलाई निजले गरेको प्रशंसनीय कार्यको आधारमा प्रत्येक वर्ष वार्षिकोत्सवमा आर्थिक तथा भौतिक रुपमा पुरस्कारको व्यवस्था गरिनेछ । पुरस्कारको राशी क्याम्पसको वित्तीय अवस्था र निजले गरेको कार्यको आधारमा संचालक समितिले निर्धारण गर्नेछ ।

## परिच्छेद-१४
## सम्बन्धन सम्बन्धी व्यवस्था

**१४. क्याम्पसमा निम्न बमोजिम सम्बन्धन लिई कक्षा सञ्चालन गरिनेछ ।**

(क) त्रि.वि.बाट स्नातक तह र स्नातकोत्तर तहको विभिन्न संकायमा सम्बन्धन लिई क्याम्पस संचालन गरिने छ ।

(ख) राष्ट्रिय परीक्षा बोर्डवाट कक्षा ११ र १२ को लागि रा.प.बोर्डसँगसम्बन्धन लिई अध्यापन गराइने छ ।

(ग) क्याम्पसले आवश्यक ठहर गरेको र सञ्चालक समितिले निर्णय गरेको अन्य थप विषयहरु सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान, रा.प. बोर्ड तथा CTEVT लगायत संघ संस्थाहरुसँग समन्वय गरी थप अध्ययन अध्यापनको कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(घ) क्याम्पसको संकाय सम्बन्धन लिन, विषय मिलान गर्न र संकायहरुमा शिक्षकहरुको दरबन्दी सिर्जना गरी तलबमान कायम गर्न तथा संकाय र विषय खारेज गर्न आवश्यक भएमा सोसम्बन्धी कार्यका लागि संचालक समितिले देहाय वमोजिम सम्बन्धन, संकाय तथा दरबन्दी मिलान उपसमितिको गठन गर्नेछ :

१. संचालक समितिको अध्यक्ष - संयोजक-१
२. संचालक समितिको उपाध्यक्ष- सदस्य १
३. संचालक समितिका सदस्यहरु मध्येबाट आफूले छानी पठाएका सदस्य - सदस्य ४
४. प्राध्यापक संघको सभापति -सदस्य १
५. स्व.वि.यु सभापति -सदस्य १
६. कार्यक्रम संयोजक- सदस्य १
७. सम्बन्धित विभागको विभागीय प्रमुख - सदस्य १
८. क्याम्पस प्रमुख - सदस्य सचिव १

(ङ) क्याम्पसलाई आवश्यक परेको संकायहरुको विषयसूची कार्यक्रम प्रमुखको प्रतिवेदनको आधारमा क्याम्पस प्रमुखकोराय बमोजिम प्रत्येक शैक्षिक सत्र शुरु हुनुभन्दा एक महिना अगावै संचालक समितिबाट स्वीकृति गरी लागू गर्नुपर्नेछ ।

(च) क्याम्पसमा पढाइ हुने विषयहरु क्याम्पस हाताभित्रै सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(छ) क्याम्पसको विद्यार्थीहरुको चाप र सम्बन्धन प्राप्त विषय वा संकायको लागि आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी शैक्षिक सत्र शुरु हुनु एक महिनापूर्व क्याम्प्रस संचालक समितिबाट स्वीकृत भएपछि मात्र त्यस्ता स्थायी, अस्थायी वा करारमा शिक्षकहरुको नियुक्ति गरिने छ ।

(ज) क्याम्पसमा विहानी, दिवा र सन्ध्याकालीन कक्षा संचालनको व्यवस्था गर्न सक्नेछ र त्यस्ता कक्षा वा पढाइको व्यवस्थापन शैक्षिक सत्र शुरु हुनु अगावै क्याम्पस संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

(झ) क्याम्पसमा १० भन्दा कम विद्यार्थी भर्ना भएको कक्षामा शिक्षक उपलब्ध गराउन क्याम्पस वाध्य हुने छैन ।

## परिच्छेद १५
## अतिरिक्त आय आर्जन सम्बन्धी व्यवस्था

१५. क्याम्पसको नियमित आयको अतिरिक्त क्याम्पसले देहायका आयमुलक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

१. जलविद्युत्मा लगानी गरेर
२. व्यावसायिक तथा प्राविधिक विषय अध्ययन अध्यापन गराएर
३. जमिन तथा भवनको उपयोग गरेर/भाडामा लगाएर
४. तालिम, सेमिनार, गोष्ठि आदि संचालन गरेर
५. समितिले उचित ठहर गरी निर्णय गरेका अन्य विषयमा लगानी गरेर ।

## परिच्छेद १६
## विद्यार्थी कल्याण तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था

१६. विद्यार्थी कल्याण तथा छात्रवृत्ति समिति गठन र छात्रवृत्ति वितरण

१. क्याम्पसमा एक छात्रवृत्ति उप-समिति रहनेछ उक्त उप समितिले क्याम्पसवाट विद्यार्थी कल्याणकालागि राखिएको अक्षयकोष र विभिन्न व्यक्ति संघ संस्थावाट स्थापित अक्षयकोष लगायत क्याम्पसको आन्तरिक र बाहृय स्रोतबाट प्राप्त हुने रकमलाई समायोजन गरी पारदर्शी र न्यायोचित रुपमा छात्रवृत्ति वितरण प्रकृया अपनाइनेछ । जसका लागि देहाय बमोजिमको छात्रवृत्ति उपसमिति गठन गरिनेछ ।

(क) संचालक समितिको उपाध्यक्ष- संयोजक
(ख) संचालक समितिको सदस्य- एक सदस्य
(ग) प्राध्यापक संघका सभापति- सदस्य
(घ) स्व.वि.यु. सभापति- सदस्य
(ङ) सहायक क्याम्पस प्रमुख- सदस्य-सचिव

## परिच्छेद १७
## आचार संहितासम्बन्धी व्यवस्था

**१७. क्याम्पसमा निम्न बमोजिमका आचारसंहिताको व्यवस्था गरिनेछ ।**

**१. सञ्चालक समितिको आचार संहिता**

क. संचालक समितिका पदाधिकारी वा सदस्यहरुले सदैव क्याम्पसको हितमा कार्य गर्नुपर्नेछ र यसरी कार्य गर्दा क्याम्पसबाट कुनै प्रकारको व्यक्तिगत लाभको आशा गरिनु हुँदैन ।

ख. संचालक समितिका पदाधिकारी तथा सदस्यहरु तोकिएको बैठकमा अनिवार्य उपस्थित हुनुपर्नेछ र बैठकमा उठेका विषयहरुमाथि गम्भिर रुपमा छलफलमा भाग लिई बैठकलाई निष्कर्षमा पुर्‍याउनु पर्दछ ।

ग. बैठकमा उपस्थित हुन नसक्नेभएमा मात्र लिखित जानकारी अध्यक्षमार्फत् संचालक समितिलाई गराउनु पर्नेछ

घ. बैठकमा भए गरेका कतिपय गोप्य कुराहरु क्याम्पसलाई हानी नोक्शानी पुग्ने सवालमा बाहिर ल्याउनु हुँदैन ।

ङ. क्याम्पसमा समय समयमा उपस्थित भई निरीक्षण, अनुगमन र सुझाव दिने गर्नुपर्दछ र सोको रेकर्ड देखिने गरिने क्याम्पसको उपस्थिति पुस्तिकामा उपस्थिति जनाई आवश्यकता अनुसार राय सुझाव दिने गर्नुपर्दछ ।

च. आर्थिक सहयोग जुटाउन र शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक पर्ने कार्यहरु गर्नुपर्दछ ।

**२.शिक्षक तथा कर्मचारीको आचार संहिता**

क. क्याम्पसले तोकेको समयमा उपस्थित भई आफ्नो पदीय दायित्व र जिम्मेवारी पूरा गर्नुपर्ने

ख. क्याम्पसको गोपनियता भंग गर्ने वा सूचना प्रवाहित गर्न गराउन पाइने छैन ।

ग. व्यक्तिगत नैतिकता शुद्ध राखी पद अनुसारको आचरण गर्नु पर्नेछ ।

घ. एक आपसमा उचित आदरभाव राख्नु पर्नेछ ।

ङ. क्याम्पसमा तालाबन्दी, घेराउ, शारीरिक वा मानसिक दवाव सिर्जना गर्न वा गर्न लगाउन हुँदैन ।

च. क्याम्पसलाई हानी नोक्शानी हुने गरी अनुचित नियत राखी भ्रष्टाचार वा अख्तियार दुरुपयोग गर्नु हुँदैन ।

छ. क्याम्पसका शिक्षक तथा कर्मचारीहरु आफै उदाहरणीय हुन सक्नु पर्नेछ । उनीहरुले मध्यपान, धुम्रपान जस्ता कुलतमा लाग्न हुँदैन ।

**३. विद्यार्थीको आचार संहिताः**

विद्यार्थीहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

क. विद्यार्थीहरु नियमानुसार अनुशासनमा रहनु पर्दछ ।

ख. क्याम्पसले जारी गरेको नियम पालन गर्न विद्यार्थीको कर्तव्य हुनेछ ।

ग. क्याम्पस प्रशासनको स्वीकृति वेगर क्याम्पस हाताभित्र कुनै सभा सम्मेलन संचालन गर्न, बाहिरको व्यक्तिलाई आमन्त्रित गरी बोल्न लगाउन, नाटक तथा नृत्य एवं संगीत र खेलकुद आदि गर्न हुँदैन ।

घ. क्याम्पस विचार र वहश गर्ने स्थान हो बल प्रदर्शन गर्ने थलो होइन भन्ने कुरालाई हरेक विद्यार्थीले मनन गर्नुपर्दछ । क्याम्पसभित्र वा वाहिर कुनै पनि विद्यार्थीले कसैलाई कुटपिट, गाली गलौज गर्नु र हातहतियार लिई सांघातिक हमला गर्नु गराउन हुँदैन ।

ङ. क्याम्पसका पुस्तक, फर्निचर, उपकरण आदि चल अचल सम्पत्तिको संरक्षण गर्नुपर्छ ।

च. क्याम्पसले तोकेको पोशाक अनिवार्य रुपमा लगाउनु पर्छ ।

४. माथिको दफा १४ को १, २, र ३ वमोजिम आचार संहिता उल्लंघन गर्ने व्यक्तिलाई क्याम्पसले आचरण सम्बन्धी कार्वाही गर्न सक्नेछ ।

## परिच्छेद-१८

## प्राध्यापक संघ, कर्मचारी संगठन र स्वतन्त्र विद्यार्थी युनियन सम्बन्धी व्यवस्था

१८. यस क्याम्पसमा अध्यापनरत शिक्षक, कार्यरत कर्मचारी र अध्यनरत विद्यार्थीहरुको हक हितको लागि क्याम्पससँग सम्बन्धीत संघ, संगठन र युनियनको विधान तथा नियमावली अनुसार संचालन हुने गरि क्याम्पसमा निम्न अनुसारको संघ, संगठन युनियनलाई मान्यता दिइनेछ तर नियमावली अनुसार तोकिएको निर्वाचन नभएमा वा पुर्नगठन नभएमा त्यस्ता संघ, संगठन, युनियनलाई मान्यता दिइने छैन ।

१. प्राध्यापक संघ वरुण बहुमुखी क्याम्पस ईकाई समिति

२. कर्मचारी संगठन वरुण बहुमुखी क्याम्पस ईकाई समिति

३. स्वतन्त्र विद्यार्थी युनियन वरुण बहुमुखी क्याम्पस समिति

४. कक्षा ११ र १२ का विद्यार्थीहरुलाई स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा सहभागि गराइने छैन ।

## परिच्छेद-१९

## विविध

१. विनियम वनाउने : संचालक समितिले क्याम्पसको हितमा हुने गरि विधान भित्र रहेर नियम विनियमहरु वनाउन सक्नेछ ।

२. विधान वमोजिम भएको मान्य हुने : यस विधान कार्यन्वयन हुनु भन्दा अगाडी क्याम्पसवाट भए गरेका काम कार्यवाहीहरु यस विधान बमोजिम भएको मान्य हुनेछ ।

३. विधानको व्याख्य र संसोधन गर्ने अधिकार : यस विधानको व्याख्या गर्ने वा संशोधन गर्ने अधिकार संचालक समितिलाई हुनेछ ।

४. स्वतः निस्कृय हुने : यस विधानमा उल्लेखित कुनै दफा उपदफा नेपालको प्रचलित कानुनसंग वाझिन गएमा वाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

५. वाधा अड्काउ फुकाउने : यस विधानमा उल्लेखित नियम उप नियमको वाधा अड्काउ फुकाउने अधिकार संचालक समितिलाई हुनेछ ।

६. चल अचल सम्पति : कुनै कारणले वरुण क्याम्पस संचालन हुन नसकी विघटन वा बन्द हुन गएमा क्याम्पसको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति त्रिभुवन विश्वविद्यालय/नेपाल सरकारको हुनेछ ।

## अनुसूचीहरु :

**अनुसूची १:**

छाप र लोगो : वरुण बहुमुखी क्याम्पसको छाप र लोगो निम्नअनुसार हुनेछ ।

षट्कोण भित्र नेपालीमा वरुण बहुमुखी क्याम्पस, खाँदबारी सङ्खुवासभा स्था. २०४३ अंग्रेजीमा BARUN MULTIPLE CAMPUS, KHANDBARI, SANKHUWASABHA ESTD.2043 र षट्कोणको विचमा कलम सहितको पुस्तक हुनेछ ।

अनुसूची २: लेटरप्याड : वरुण बहुमुखी क्याम्पसको लेटरप्याड निम्नअनुसार हुनेछ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र सङ्काय

**वरुण बहुमुखी क्याम्पस**

खाँदबारी, सङ्खुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)

फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

**अनुसूची ३.संस्थापक सदस्यहरुको नामावली**

१. सुर्य बहादुर सेनवली तत्कालिन कोशी अञ्चलाधिय

२. मदन प्रसाद अर्याल तत्कालिन प्र.जि.अ.संखुवासभा

३. षडराज अधिकारी तत्कालिन् मनकामना २ समाजसेवी, शिक्षाप्रेमी

४. श्यामसुन्दर उदास तत्कालिन तत्कालिन मनकामना २, व्यापारी, समाजसेवी

५. कृष्ण अधिकारी (काका) तत्कालिन मनकामना २ समाजसेवी

६. कृष्णगोपाल श्रेष्ठ तत्कालिन मनकामना २ समाजसेवी

७. कृष्णभगत श्रेष्ठ तत्कालिन पांमा २, मानेभज्याङ, व्यापारी, समाजसेवी

८. संसेर ब. राई प्रधानपञ्च, तत्कालिन पांमा पा.पं. खाँदबारी ४

९. जनक थापा तत्कालिन खाँदबारी १०, सित्तलपाटी

१०. जगत शाक्य खाँदबारी १

११. धर्मप्रसाद थपलिया खाँदबारी ८

१२. अनन्त गौली खाँदबारी १

१३. सरोज बज्राचार्य खाँदबारी १

१४. हरिश्वर थापामगर खाँदबारी ९

१५. लाल ब. गुरुङ खाँदबारी ३

१६. हरि ब. कार्की खाँदबारी १

१७. युवराज शाक्य खाँदबारी १

१८. लक्ष्मी प्रसाद गुरुङ खाँदबारी ३

१९. जंग बहादुर प्रसाद ठाकुर हिमालय मा.वि. तत्कालिन प्र.अ.

२०. लालमणि अधिकारी संस्थापक क्याम्पस प्रमुख

## अनुसूची ४: संचालक समितिको पदाधिकारीहरुको नामावली

वरुण बहुमुखी क्याम्पसको विधान २०५५ दोस्रो संसोधन २०७६ तेस्रो संसोधन २०७८ को परिच्छेद ६ बमोजिम हालको संचालक समितिका पदाधिकारी सदस्यहरु

| क्र.स | क्षेत्र | नाम | पद |
|---|---|---|---|
| १. | शिक्षाप्रेमी समाजसेवी | श्री मुरारी प्रसाद खतिवडा | अध्यक्ष |
| २. | जिल्ला समन्वय समिति प्रमुख | श्री सुमन शाक्य | सदस्य |
| ३. | खाँदवारी नगरपालिका प्रमुख | श्री मुरारी प्रसाद खतिवडा | सदस्य |
| ४. | प्रमुख जिल्ला अधिकारी | श्री टेकनारायण पौडेल | सदस्य |
| ५. | शि.वि.तथा स.इकाई | श्री केशव भट्टराई | सदस्य |
| ६. | सं.स.उ.वा.संघ अध्यक्ष | श्री युवराज शाक्य | सदस्य |
| ७. | निवर्तमान अध्यक्ष संचालक समिति | श्री दलवहादुर वि.क | सदस्य |
| ८. | शिक्षाप्रेमी समाजसेवी | श्री अनन्त कुमार गौली | सदस्य |
| ९. | शिक्षाप्रेमी समाजसेवी | श्री इन्दिरा मिश्र (चेतना) | सदस्य |
| १०. | शिक्षाप्रेमी समाजसेवी | श्री उषा कार्की | सदस्य |
| ११. | शिक्षाप्रेमी समाजसेवी | श्री गोमा दाहाल | सदस्य |
| १२. | शिक्षाप्रेमी समाजसेवी | श्री जीतबहादुर घिमिरे | सदस्य |
| १३. | शिक्षाप्रेमी समाजसेवी | श्री डिल्लिराम श्रेष्ठ | सदस्य |
| १४. | शिक्षाप्रेमी समाजसेवी | श्री नेत्र प्रसाद रेग्मी | सदस्य |
| १५. | शिक्षाप्रेमी समाजसेवी | श्री महेश थपलिया | सदस्य |
| १६. | शिक्षाप्रेमी समाजसेवी | श्री राज कुमार श्रेष्ठ | सदस्य |
| १७. | शिक्षाप्रेमी समाजसेवी | श्री सुमन शाक्य | सदस्य |
| १८. | शिक्षाप्रेमी समाजसेवी | श्री हरी कुमार कटुवाल | सदस्य |
| १९. | प्रा.संघ इ. सभापति | श्री कृष्णबहादुर अधिकारी | सदस्य |
| २०. | त्रि.वि.प्रतिनिधि, धनकुटा ब.क्यम | श्री इच्छापूर्ण राई | सदस्य |
| २१. | स्व.वि.यू सभापति | श्री शुरेस थापा / बिजय कार्की | सदस्य |
| २२. | क्याम्पस प्रमुख | श्री टीकाराम गुरुङ | सदस्य सचिव |

समाप्त

## वरुण बहुमूखी क्याम्पस, खाँदबारी संखुवासभा

अनुसुची

छात्रवृत्ति खाता विवरण (२०७७)मंसिर मसान्त सम्म

| क्र.स. | अक्षय कोषको नाम | छात्रवृत्ति कोष संस्थापक, दाता | स्थापित मिति | स्थापित रकम | हाल भएको साँवा रकम | व्याजदर | व्याज जम्मा हुने खाता | ०७७ पौषमा वितरणहुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वरुण बहुमुखी क्याम्पस छात्रवृत्ति कोष | वरुण बहुमुखी क्याम्पस | ०६९/०८/१७ | ४२०००० | ४२०००० | ७.१% | ३४५CA | ३१९५५ | |
| २ | वरुण बहुमुखी क्याम्पस छात्रवृत्ति कोष | वरुण बहुमुखी क्याम्पस | ०७२/०३/३० | ७५००० | ७५००० | ७.१% | ३४५CA | ७६८४ | |
| ३ | धर्म प्रसाद थपलिया स्मृतिकोष | महेश थपलिया | ०६७/१२/२३ | १००००० | १००००० | १८% | ३४५CA | १८००० | |
| ४ | गणेश पन्त स्मृतिकोष | | ०७०/०२/१० | १०१००१ | ११५१६२ | १५% | ३४५CA | १५३१७ | |
| ५ | अमर मनमायाँ छात्रवृत्ति कोष | खड्ग राई | ०७१/०३/१७ | १५१५५५ | १५४९०० | | ३४५CA | ० | निस्कृय रहेको |
| ६ | सुर्यछन्द जीवन,रेणु छात्रवृत्ति कोष | जीवन श्रेष्ठ | ०७२/०८/२५ | १००९०० | १०१००० | १६% | ३४५CA | ३७४२ | |
| ७ | टंकमायाँ छात्रवृत्ति कोष | कृष्णबहादुर अधिकारी | ०७३/०९/१९ | ५५५५५ | ५८२८९ | १५% | ३४५CA | ७७५३ | |
| ८ | चोलानाथ दिव्यश्वरी छात्रवृत्ति कोष | सूर्य कुमार वुढाथोकी | ०७३/१०/१४ | १००००० | १०५१५४ | १५% | ३४५CA | १३९८६ | |
| ९ | देवज,मुना सुरेन्द्र छात्रवृत्ति कोष | मेनुका श्रेष्ठ | ०७४/०४/२७ | १०५५५५ | १०५५५५ | १५% | ३४५CA | १५८३३ | |
| १० | कृष्ण अधिकारी,लक्ष्मी अधिकारी स्मृति अक्षयकोष | मोहन अधिकारी | ०७७/०९/०८ | ५५५५५ | ५५५५५ | १६% | ३४५CA | ० | नयाँ |
| ११ | रोहित,पदमकुमारी,तुलसा छात्रवृत्ति कोष | रोहित वजगाई | ०७७/०८/२४ | १२५५२५ | १२५५२५ | १६% | ३४५CA | ० | नयाँ |
| १२ | रोहण कटुवाल स्मृति छात्रवृत्ति अक्षय कोष | हरी कुमार कटुवाल | ०७७/०८/२५ | १०११११ | १०११११ | १६% | ३४५CA | ० | नयाँ |
| १३ | रुद्रकार्की स्मृति छात्रवृत्ति अक्षयकोष | उषा कार्की | ०७७/०९/१९ | ११११११ | ११११११ | १६% | ३४५CA | ० | नयाँ |
| १४ | . ०७७ सालमा वितरण गरिने संस्थापक मदन अर्यालयका परीवारहरुवाट | | | | | | | ७२००० | यस वर्ष मात्र |
| | अक्षयकोषहरु वाट प्राप्त व्याज जम्मा | | | १६०१९६८ | १६२८३६२ | | | १८६,२७० | |
| | ०७७ सालमा वितरण गरिने स्व.विं.यू कोषवाट रु | | | | | | | २५,००० | |
| | ०७७ सालमा वितरण गरिने छात्रवृत्ति तथा विद्यार्थी सहुलियत कार्यक्रमका लागि क्याम्पसवाट रु | | | | | | | १४०,००० | |
| | ०७७ सालमा वितरण गरिने छात्रवृत्ति तथा विद्यार्थी सहुलियत कार्यक्रम अन्तरथत कुल रकम रु | | | | | | | ३५१,२७० | |

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
# योजना निर्देशनालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ९८९ च.नं. ०७६।७८ मिति: २०७६/७/१५

श्री क्याम्पस प्रमुख
बरुण बहुमुखी क्याम्पस
संखुवासभा ।

विषय : **विधान स्वीकृत गरिएको बारे ।**

त्रि.वि सम्वन्धन सम्वन्धी विनियम २०७३ को परिच्छेद १४ (३५) मा उल्लेख भए बमोजिम त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्रदत्त क्याम्पस/कलेजहरुले यस निर्देशनालयमा पेश गरेको विधान सम्वन्धमा विधान अध्ययन गरी सुझाव पेश गर्न गठित समितिको सिफारिस बमोजिम र त्रि.वि. कार्यकारी परिषद्को मिति २०७६/३/१ को निर्णय नं २४८५ अनुसार त्यस क्याम्पसले पेश गरेको विधान स्वीकृति गर्न यस निर्देशनालयलाई अख्तियारी दिने निर्णय भए वमोजिम स्वीकृत गरिएको व्यहोरा अनुरोध गर्दछु । स्वीकृत विधान एक प्रति यसैसाथ संलग्न छ ।

प्रा.डा.ऋदिश कुमार पोखरेल
कार्यकारी निर्देशक